# काँक्रेविहार

कर्णाली प्रदेशको पहिलो दैनिक

www.kankrebihar.com

राष्ट्रिय दैनिक








राष्ट्रिय संस्करण | वर्ष : २५ | अंक : १९१ | शुक्रवार, ११ वैशाख, २०८३ | Friday, 24 April 2026 | नेपाल संवत ११४६ | पृष्ठ : ४ | मूल्य : रू. १०


## आधुनिकताले बिग्रियो राउटेको बानी

# हानिकारक जीवनशैलीमा मस्त

काँक्रेविहार संवाददाता
सुर्खेत, १० वैशाख

दृष्य गत शनिबार दिउँसो राउटे बस्तीनजिकै एक किराना पसल अगाडीको हो। जहाँ एक अधबैंसे राउटे युवती मदिराले लट्ठ अवस्थामा थिइन्। उनी मदिराले अर्धचेत नै थिइन्। तर उनको जवाफ थियो, 'मैले रक्सी खायाको छैन। चाउचाउ किन्न आयाको हुँ।'

उनीसँगै आएका अन्य महिलाले सामाजिक सुरक्षा भत्ता बुझेर रक्सी खान आएको भन्दै थिए। तर जिब्रो लरबराउँदै उनी भन्दै थिइन्, 'होइन, होइन, मैले रक्सी खायाकै छैन।' उनी मात्रै होइन, अन्य महिला तथा पुरुषहरू पनि भत्ताको रकम बुझ्नेबित्तिकै नजिकको बस्तीतर्फ ओर्लंदै थिए, जहाँ उनीहरू धित मरुञ्जेल मदिरा पिउनेवाला थिए।

स्थानीय एक किराना पसल सञ्चालकका अनुसार पसलमा आउने अधिकांशको पहिलो माग मदिरा हुने गर्छ। उनीहरूले उधारो माग्दा भत्ता आएपछि पैसा दिन्छौं भन्ने गर्छन्। कुनै समय पैसा छोए पाप लाग्छ भन्ने राउटेहरू आफ्नै पौरखमा जीविकोपार्जन गर्थे। एकै ठाउँमा स्थायी बसोबास नगर्ने राउटेहरू वनमा पाइने कुकाठबाट घरायसी प्रयोजनका सामग्री बनाएर दैनिकी चलाउँथे। काठबाट बनेका मदुस, पिर्का, कोशी बोकेर नजिकका बस्तीमा जाने र अन्न तथा तरकारीसँग साटेर बस्ती फर्कनु राउटेहरूको दैनिकी हुन्थ्यो।

राउटेहरूले जंगलमा पाइने बाँदर मारेर मासुको जोहो गर्थे। वनका कन्दमूल राउटे समुदायको छाक टार्ने मेसो बन्थ्यो। अखाद्य वस्तुबाट टाढा रहने राउटे समुदाय झण्डै एक दशकअघिसम्म शारीरिक रूपमा तन्दुरुस्त हुन्थे। उनीहरूको आफ्नै भाषा, संस्कृति र रहनसहन हुन्थ्यो। उनीहरू विशेष गरी सुर्खेत र दैलेखका जंगलमा बसाइँ सरिरहन्थे। तर यी सबै अहिले राउटे समुदायका लागि मिथक बनेका छन्। अहिले उनीहरू बसाइँ त सरिरहन्छन् नै, त्यससँगै हानिकारक जीवनशैली र अत्यधिक मदिरा सेवनले राउटे समुदायलाई तीव्र रूपमा ढाक्दै गएको छ। यसको प्रमुख कारण आधुनिकीकरणको नाममा नगद रकम दिइनु हो। सामाजिक सुरक्षा र सहयोगका नाममा नगद रुपैयाँ दिइँदा अहिले राउटेहरू परनिर्भरतामा धकेलिएका छन्। यति मात्रै होइन, नगदकै कारण राउटेहरूमा गुणस्तरहीन मदिराको लत बसेको छ, जसका कारणले उनीहरूको स्वास्थ्य बिग्रँदै मात्र गएको छैन। अस्वस्थ खानपान र जीवनशैलीले महिला तथा पुरुषमा प्रजनन् स्वास्थ्यमा समेत गम्भीर असर पर्दै गएको छ। राउटे समुदायको हानिकारक जीवनशैली सुधारमा तीनै तहका सरकार र विकास साझेदारहरूले विभिन्न कामहरू गर्दै आएका छन्। तर राउटेमाथि भएको लगानीले प्रतिफल भने दिन सकेको छैन। राउटेका नाममा बर्सेनि करोडौँ रकम खर्च भइरहेको छ। उक्त रकम मदिरामा खर्च हुँदा यसलाई रोक्न कुनै प्रयास राज्यबाट भएको देखिँदैन। राउटेको एकै परिवारमा चौमासिक रूपमा एक लाख रुपैयाँसम्म भत्तावापतको रकम जाने गरेको तथ्यांकले देखाउँछ।

राउटे समुदायको जीवनरक्षालाई सरकारले पहिलो प्राथमिकतामा राख्नुपर्ने मानवअधिकारकर्मी पिताम्बर ढकाल बताउँछन्। राउटे समुदायप्रति राज्य उत्तरदायी हुन नसकेको उल्लेख गर्दै उनीहरूको जीवनरक्षालाई पहिलो प्राथमिकतामा राखेर मात्रै राउटेको वेशभूषा, संस्कृतिको रक्षामा जोड दिनुपर्ने ढकालको भनाइ छ।

राउटेको जीवनरक्षाका लागि स्वास्थ्य, सरसफाइ, शिक्षा र पौष्टिक खानामा विशेष ख्याल गर्नुपर्ने उनको धारणा छ। 'हाल राउटे नागरिकमा सरसफाइको अवस्था नाजुक छ, मदिराको प्रयोग अत्यधिक छ। सरसफाइका लागि राउटे नागरिकलाई सचेतना दिन जरुरी छ' उनले भने, 'अब मदिराको प्रयोगलाई तत्काल रोक्नुपर्छ। भत्ताको नीति परिमार्जनमार्फत नगद प्रवाह रोक्ने र दैनिक आवश्यकताका वस्तुहरू राज्यका निकायले बस्तीमै आपूर्ति हुने व्यवस्था मिलाउनुपर्छ।'

**राउटे समुदायको हानिकारक जीवनशैली सुधारमा तीनै तहका सरकार र विकास साझेदारहरूले विभिन्न कामहरू गर्दै आएका छन्। तर राउटेमाथि भएको लगानीले प्रतिफल भने दिन सकेको छैन। राउटेका नाममा बर्सेनि करोडौँ रकम खर्च भइरहेको छ। उक्त रकम मदिरामा खर्च हुँदा यसलाई रोक्न कुनै प्रयास राज्यबाट भएको देखिँदैन।**



तास्विर : ए.आइ द्वारा सिर्जित

### संरक्षण गर्न स्पष्ट नीति छैन

राउटेहरूले आत्मनिर्णयको अधिकार उपयोग गरी स्वशासनको अभ्यास गरिरहेका छन्। उनीहरू निर्वाध रूपमा आफ्ने प्रथाजनित अभ्यासको निरन्तरता चाहन्छन्। आफ्नो प्राकृतिक सम्पत्ति र स्रोतहरूको स्वतन्त्रतापूर्वक उपभोग गर्न सक्छन्। समग्र रूपमा राउटेहरूको प्रथाजनित अभ्यास निरन्तरतामा अवरोध उत्पन्न भए उनीहरूले प्रतिनिधित्व गरेको एउटा सभ्यताको अन्त्य सम्मुख देखिएको विभिन्न अध्ययनहरूले देखाएका छन्। राष्ट्रिय मानवअधिकार आयोगको अध्ययनले भन्छ, 'उनीहरूको स्वेच्छिक रोजाइ आवास, खाद्यान्न, पोषण, लत्ताकपडा, गुणस्तरीय शिक्षा उपलब्ध गराउने विधि तय गरी प्रभावकारी कार्यान्वयन, बाहिरी आधुनिक समाजले उनीहरूको सभ्यता र स्वशासनमाथि गरेको अतिक्रमण नियन्त्रण हुन अत्यावश्यक छ, जसले उनीहरूको मानवअधिकार संरक्षण र सम्बर्द्धनमा सहयोग पुग्ने आयोगको ठहर छ।'

संघ, प्रदेश र स्थानीय तहले राउटेका लागि गरिने व्यवस्था र कार्यक्रमको एकीकृत अभ्यास गर्न जरुरी पनि उत्तिकै रहेको आयोगले भनेको छ। नेपालको संविधानको धारा ५६ (५) ले संघीय कानुनबमोजिम सामाजिक सांस्कृतिक संरक्षण वा आर्थिक विकासका लागि संरक्षित क्षेत्र कायम हुनुपर्ने आयोगको सुझाव छ। साथै, राउटेहरूका लागि पृथक् कानुनी व्यवस्था गर्न आवश्यक रहेको मानवअधिकार आयोगको सुझाव छ। मानवअधिकारका क्षेत्रमा काम गर्दै आएको अनौपचारिक सेवा केन्द्र इन्सेकले 'मानवअधिकारको दृष्टिमा राउटे समुदाय' शीर्षकमा गरेको अध्ययनले राउटेलाई भत्ताको साटो आवश्यक खाद्यान्न र पोषणयुक्त खानेकुरा तथा कपडाको व्यवस्था गर्नुपर्ने सरकारलाई सुझाव दिएको छ। अध्ययनले राउटे समुदायको सहभागितामा राउटे नीति निर्माण गरेर शिक्षा, स्वास्थ्य, खाद्य र आवासको उचित व्यवस्था गर्नुपर्ने, सरसफाइ, पोषण र स्वास्थ्य उपचारका बारेमा चेतना अभिवृद्धि गराउनुपर्ने सुझाव दिएको थियो। तर, सुझाव कार्यान्वयनमा भने राज्य गम्भीर बन्नै सकेको छैन।

कर्णाली प्रदेश सरकारको प्रथम कार्यकालमा राउटे नीति ल्याउने भनिएको थियो तर ल्याइएन। दोस्रो कार्यकालमा राउटे कोरिडोरको अवधारण ल्याइएको भए पनि हालसम्म त्यसले मूर्त रूप धारण गर्न सकेको छैन। चालु आर्थिक वर्ष २०८२/०८३ मा कर्णाली प्रदेशको राउटे नीति, राउटे समन्वय समितिको अध्ययन प्रतिवेदन, विभिन्न संवैधानिक आयोगहरूको सिफारिसका तथा राउटेहरूको विगत १० वर्षको बसोबासस्थलको नक्सांकनका आधारमा कोरिडोरको अवधारणा अघि सारेको दाबी गरेको छ। तर, खास प्रगति देखिने गरीका स्पष्ट नीतिगत आँकडाहरू अझै बाहिर आउन सकेका छैनन्।

### भत्ताको रकम मदिरामै खर्च

दैलेखको गुराँस गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष र प्रमुख प्रशासकीय अधिकृतलगायत कर्मचारीको टोली शनिबार पूर्वी सुर्खेतको गुर्भाकोट नगरपालिका- १४ र लेकबेंसी नगरपालिका- २ को सीमावर्ती क्षेत्र स्याला गोठेरी पुग्यो, जहाँ लोपोन्मुख राउटे समुदायको बसोबास छ। राउटे बस्तीमा गुराँस गाउँपालिकाको टोली पुग्नुको कारण अन्य नभई सरकारले लोपोन्मुख र सीमान्तकृत समुदायलाई प्रदान गर्दै आएको सामाजिक सुरक्षाबापतको रकम प्रदान गर्नु थियो। गाउँपालिकाको टोली झोलामा नगद पैसा बोकेर कपडाले छाएको र स्याउलाले बारेको बस्तीमा पुग्दा राउटे समुदायका मानिसहरू उत्साहित देखिन्थे।

पालिकाका कर्मचारीहरूले राउटे समुदायका व्यक्तिहरूको नाम रुजु गरेर सामाजिक सुरक्षा भत्ता दिन सुरु गरेपछि राउटे समुदायका महिला तथा पुरुषहरूले तँछाडमछाड गरेर रकम बुझे। गाउँपालिका अध्यक्ष टोपबहादुर बीसी, उपाध्यक्ष शिवा खड्का र प्रमुख प्रशासकीय अधिकृत डिनायट घर्तीले जनही ४ हजारका दरले तीन महिनाको प्रतिव्यक्ति १२ हजार नगद राउटे समुदायका महिला, पुरुष र बालबालिकालाई हस्तान्तरण गरे। पालिका अध्यक्ष विसीका अनुसार राउटे समुदायका एक सय ३२ जनालाई १५ लाख ८४ हजार रुपैयाँ सामाजिक सुरक्षा भत्ताबापतको रकम दिइएको छ। राउटेलाई नगद दिएपछि पालिका अध्यक्ष बीसीले पोषिलोयुक्त खाना, लत्ताकपडा र सरसफाइजन्य सामग्रीमा जोड दिन आग्रह गरे। राउटे समुदायलाई गुराँस गाउँपालिकाले परिचयपत्र दिएर आफ्ना नागरिकको दर्जा दिएको छ। सोही कारण पालिकाले तीन वा चार (अन्य समय आवश्यकताका आधारमा) महिनाको अवधिमा राउटेहरूलाई यसैगरी नगद रकम दिँदै आएको छ। भत्ता लिने लाइनमा राउटे मुखिया शेरबहादुर शाही पनि देखिन्थे। उनले आफूसहित आफ्ना चार जना परिवारको भत्ता औंठा छाप गरेर बुझे। भत्ता बुझेपछि उनी उत्साहित देखिन्थे। उनको हातमा एकैपटक ४८ हजार रुपैयाँ हात परेको थियो।

उनले भत्ता बुझेपछि चामल, तरकारी र कपडा किन्नमा खर्चिने भने। 'सरकारले भत्ता दियाको छ, हाम्रा जनतालाई अब केही राहत हुन्या भयाको छ। चामल, मासु, तरकारी र कपडा किन्न भत्ताको पैसा खर्च गर्छौं,' शाहीले उत्साहित हुँदै भने। उनले केही पैसा मदिरामा खर्च हुनेसमेत बताए। राउटे समुदायमा ठकुरीका तीन वंश स्ववंशी, कल्याल र रास्कोटीको बसोबास छ। यिनै तीन वंशले एक आपसमा बिहेबारी गर्छन् भने तीनै वंशबाट एक/एक जना गरी तीन जना राउटे मुखिया हुन्छन्। तीन मुखियामध्येका एक थिए- शेरबहादुर शाही। उनीहरूकै आदेश र निर्णय मुताविक राउटे समुदाय चल्छ। पछिल्लो समय राउटेहरूलाई दिइने नगदका कारण कमसल खाले मदिराको लत बसेकाले स्वास्थ्यमा गम्भीर असर पर्दै गएको भन्दै नगद दिन बन्द गर्नुपर्ने चौतर्फी उठेको आवाज यो समुदायका सबैले थाहा पाइसकेका छन्। त्यसैले उनीहरू मदिरा सेवन गरेकै अवस्थामा भेटिए पनि हामी खाँदैनौं भन्ने जवाफ दिने गरेका छन्। शाहीले पनि आफ्नो समुदायका मानिसहरूले घरमा अन्नबाट बनाएको मदिरा मात्रै पिउने गरेको बनावटी जवाफ दिने गरेका छन्, जसका कारण मानव विकासका क्रममा ढुंगेयुगमै छुटेको राउटे समुदाय तीव्र रूपमा विनाशतर्फ उन्मुख भइरहेको छ।

## भ्रामक र अपुष्ट सामग्री प्रकाशन प्रसारण नगर्न प्रेस काउन्सिलको चेतावनी

काँक्रेविहार संवाददाता
काठमाडौं, १० वैशाख

प्रेस काउन्सिल नेपालले तथ्यहीन, आधारहीन तथा भ्रमपूर्ण सामग्री प्रकाशन तथा प्रसारण नगर्न सञ्चार माध्यम र पत्रकारलाई कडा निर्देशन दिएको छ। काउन्सिलले बिहीवार ध्यानाकर्षण पत्र जारी गर्दै प्रेस स्वतन्त्रता कायम राख्दै जिम्मेवार, विश्वसनीय र आचारसंहिताअनुरूप पत्रकारिता प्रवर्द्धन गर्नुपर्नेमा जोड दिएको छ।

काउन्सिलले जारी गरेको ध्यानाकर्षण सूचनामा पछिल्लो समय सञ्चारमाध्यम र सामाजिक सञ्जालमार्फत् अपुष्ट तथा भ्रामक सामग्री सम्प्रेषण भइरहेकोप्रति गम्भीर चिन्ता व्यक्त गरिएको छ। यस्ता सामग्रीले पत्रकारिताको विश्वसनीयतामा असर पार्नुका साथै व्यक्ति तथा संस्थाको प्रतिष्ठामा नकारात्मक प्रभाव पार्ने उल्लेख गरिएको छ।

सूचनामा विभिन्न सञ्चारमाध्यममा प्रकाशित/प्रसारित सामग्रीका सम्बन्धमा उजुरी तथा जनगुनासो बढ्दै गएको जनाउँदै प्राप्त उजुरीमाथि आचारसंहिताबमोजिम अनुगमन तथा कारबाही प्रक्रिया अघि बढाइएको जनाइएको छ।

काउन्सिलले सत्य, तथ्य र निष्पक्षतामा आधारित पत्रकारिता नै लोकतन्त्रको आधार भएको उल्लेख गर्दै कुनै पनि सामग्री प्रकाशन वा प्रसारणअघि त्यसको सत्यता र विश्वसनीयता परीक्षण गर्नुपर्ने जनाएको छ। साथै सामाजिक सञ्जालमार्फत् गालीगलौज, धम्की र मानहानी गर्ने प्रवृत्ति प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताविपरीत हुने स्पष्ट पारेको छ।

युट्युब, टिकटकलगायत डिजिटल माध्यममार्फत् अपुष्ट सामग्री फैलाउने तथा अतिरञ्जित प्रस्तुति गर्ने प्रवृत्तिप्रति पनि काउन्सिलले ध्यानाकर्षण गराएको छ। यस्ता कार्य पत्रकार आचारसंहिता विपरीत हुने जनाउँदै आवश्यक परे कारबाही गरिने चेतावनी दिएको छ। काउन्सिलले गलत सामग्रीबाट प्रभावित व्यक्ति वा संस्थाले उजुरी दिनसक्ने व्यवस्था रहेको जानकारी गराउँदै सञ्चारमाध्यम, पत्रकार तथा सामाजिक सञ्जाल प्रयोगकर्तालाई जिम्मेवार र मर्यादित पत्रकारिता अभ्यास गर्न आग्रह गरेको छ।

## संसद् अधिवेशन बोलाएको भोलिपल्टै स्थगित

काँक्रेविहार संवाददाता
काठमाडौं, १० वैशाख

संसद् अधिवेशन बोलाएको भोलिपल्टै राष्ट्रपति रामचन्द्र पौडेलले फेरि स्थगित गरेका छन्। मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपति पौडेलले यसअघि आगामी वैशाख १७ गते बिहीबार दिउँसो २ बजे सिंहदरबारस्थित संघीय संसद् भवनमा अधिवेशन आह्वान गरेका थिए।

तर, मन्त्रिपरिषद्कै बिहीबारको अर्को सिफारिसअनुसार विशेष कारण देखाउँदै उक्त अधिवेशन हाललाई स्थगित गरिएको राष्ट्रपतिको कार्यालयले जनाएको छ।

## स्थानीय तहबाटै मालपोत र नापीको सेवा दिने तयारी, ७ दिनभित्र आवेदन दिनुपर्ने

काँक्रेविहार संवाददाता
काठमाडौं, १० वैशाख

सरकारले हाल मालपोत र नापी कार्यालयहरुबाट प्रवाह हुँदै आएका भूमि प्रशासन सम्बन्धी सेवाहरु अब स्थानीय तहबाटै उपलब्ध गराउने तयारी गरेको छ।

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले सूचना सेवाहरु आफ्नै ठाउँबाट प्रवाह गर्न इच्छुक स्थानीय तहलाई आवेदन दिन भनेको छ।

मन्त्रालयले जारी गरेको सूचनामा स्थानीय स्तरबाटै सेवा प्रवाह गर्न चाहने स्थानीय तहले आवश्यक पर्ने जनशक्ति र पूर्वाधारको व्यवस्थापन आफैले गर्ने गरी प्रस्ताव पेस गर्नुपर्ने उल्लेख छ।

सेवा सञ्चालनका लागि इच्छुक स्थानीय तहले सूचना प्रकाशित भएको मितिले सात दिनभित्र आफ्नो आधिकारिक निर्णयसहितको पत्र स्क्यान गरी मन्त्रालयको इमेल ठेगानामा पठाउनु पर्नेछ।

गाउँपालिका वा नगरपालिकाले विभागको इमेल वा मन्त्रालयको तोकिएको ठेगानामा आवदेन दिनु पर्ने छ। यो व्यवस्था कार्यान्वयनमा आएपछि जग्गा जमिनसँग सम्बन्धित कामका लागि सर्वसाधारणले जिल्ला सदरमुकाम धाउनुपर्ने बाध्यता अन्त्य हुने छ।

## मध्यपश्चिम विश्वविद्यालय र वीरेन्द्रनगरबीच छात्रवृत्ति सम्झौता

काँक्रेविहार संवाददाता
वीरेन्द्रनगर, १० वैशाख

मध्यपश्चिम विश्वविद्यालय र वीरेन्द्रनगर नगरपालिका सुर्खेतबीच बिहीबार उच्च शिक्षा शैक्षिक छात्रवृत्ति अक्षयकोष २०८३ सम्बन्धी आपसी सम्झौता पत्रमा हस्ताक्षर गरिएको छ।

मध्यपश्चिम विश्वविद्यालयका उपकुलपति प्राडा ध्रुवकुमार गौतमको अध्यक्षता तथा वीरेन्द्रनगर नगरपालिकाका नगर प्रमुख मोहनमाया ढकालको प्रमुख आतिथ्यतामा सम्पन्न एक समारोहका बीच नगर प्रमुख ढकाल र विश्वविद्यालयका तर्फबाट उपकुलपति प्राडा गौतमले उक्त सम्झौतामा हस्ताक्षर गरेका हुन्।

सम्झौताअनुसार कुल दुई करोड दुई लाख दुई हजार दुई सय दुई राशि रहेको अक्षयकोष स्थापना भएको छ, जसले स्थानीय सरकार र विश्वविद्यालयबीच शैक्षिक सहकार्य विस्तार गर्दै छात्रवृत्ति कार्यक्रम सञ्चालन गर्ने लक्ष्य लिइएको छ।

यसबाट विशेष गरी स्थानीय विद्यार्थीलाई उच्च शिक्षामा पहुँच विस्तार गर्न टेवा पुग्ने अपेक्षा गरिएको छ।

कार्यक्रममा नगर प्रमुख ढकालले स्थानीय सरकारले पनि उच्च शिक्षाको दायित्व वहन गर्नुपर्छ भन्ने हेतुले आफ्नो नगर क्षेत्रभित्र अवस्थित विश्वविद्यालय र प्रदेश राजधानीको नगरपालिका हुनुका नाताले पनि सबै क्षेत्रलाई समेटेर लैजानुपर्ने अभिभारा आफूहरूसँग भएको बताइन्।

## सरकारी विज्ञापन नीतिविरूद्ध महासंघ आन्दोलित

काँक्रेविहार संवाददाता
सुर्खेत, १० वैशाख

तीन तहकै सरकारी विज्ञापन सरकारी सञ्चारमाध्यमलाई मात्र दिने प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको निर्णय तथा परिपत्र प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको अन्तर्राष्ट्रिय मापदण्ड, नेपालको संविधान, खुला अर्थ नीति र संघीयताको मर्मविपरीत भएको भन्दै नेपाल पत्रकार महासंघले आपत्ति जनाएको छ। महासंघले उक्त निर्णयलाई विभेदकारी भन्दै यसलाई तत्काल फिर्ता लिन माग गर्दै २०८२ चैत २३ गते सञ्चार तथा सूचना प्रविधिमन्त्रीसमक्ष ज्ञापनपत्र बुझाएको थियो। सरकारतर्फबाट समस्या समाधानमा उदासीनता देखिएको निष्कर्ष निकाल्दै महासंघले देशव्यापी रूपमा दबाबमूलक अभियान सञ्चालन गर्ने निर्णय गरेको हो। उक्त निर्णयअनुसार २०८३ वैशाख १० गते नेपाल पत्रकार महासंघ जिल्ला शाखा सुर्खेतले प्रमुख जिल्ला अधिकारीमार्फत प्रधानमन्त्रीलाई पुनः ज्ञापनपत्र बुझाएको छ। महासंघका अनुसार सरकारी विज्ञापन वितरणमा अपनाइएको नीतिले निजी सञ्चारमाध्यमहरूलाई असर पर्ने मात्र नभई प्रेस स्वतन्त्रता र प्रतिस्पर्धात्मक मिडिया वातावरणमा समेत प्रतिकूल प्रभाव पार्ने देखिएको छ। साथै, यसले संविधानले सुनिश्चित गरेको समान अवसर र संघीय संरचनाको भावना विपरीत जाने भन्दै गम्भीर आपत्ति जनाइएको छ महासंघले सरकारलाई उक्त निर्णय तत्काल पुनरावलोकन गरी सबै सञ्चारमाध्यमलाई समान अवसर सुनिश्चित गर्न आग्रह गरेको छ।



अन्यथा आन्दोलन र दबाबका कार्यक्रमलाई अझ सशक्त बनाइने चेतावनी समेत दिएको छ। यसैबीच, सुर्खेत शाखामार्फत बुझाइएको ज्ञापनपत्रमा पनि सरकारले लिएको नीति असंवैधानिक र प्रेस स्वतन्त्रता विरोधी भएको उल्लेख गर्दै तत्काल सच्याउन माग गरिएको छ। महासंघले यस विषयलाई राष्ट्रिय मुद्दा बनाउँदै देशव्यापी आन्दोलनात्मक कार्यक्रम अघि बढाउने तयारी गरेको जनाएको छ।

## सम्पादकीय

# अधिकार व्यवहारमा सुनिश्चित गर

नेपालको संविधानले सबै नागरिकलाई समान अधिकारको प्रत्याभूति दिएको छ । यही आधारमा अपांगता भएका व्यक्तिहरूलाई पनि सवारी चालक अनुमति-पत्र (लाइसेन्स) प्राप्त गर्ने अधिकार कानूनी रूपमा सुनिश्चित गरिएको छ । तर व्यवहारमा हेर्दा यो अधिकार अझै कागजमै सीमित भएको देखिन्छ । पहुँचमैत्री पूर्वाधार, सहजीकरण र स्पष्ट कार्यान्वयन अभावका कारण अपांगता भएका व्यक्तिहरू लाइसेन्स जस्तो आधारभूत सेवाबाट वञ्चित भइरहेका छन् । कानूनले कसैलाई वञ्चित नगरे पनि व्यवहारिक पक्ष कमजोर हुँदा अधिकारको उपभोग गर्न कठिनाइ हुनु गम्भीर विषय हो । लिखित र प्रयोगात्मक परीक्षामा आवश्यक सहजीकरणको जरूरी छ । जस्तै अतिरिक्त समय, संकेत भाषा दुभाषे, ब्रेल वा अडियो प्रणाली–उपलब्ध नहुनु, ट्रायल सेन्टरहरू अपांगतामैत्री नहुनु, अनुकूलित सवारी साधनको अभाव हुनु जस्ता समस्याले राज्यको संवेदनशीलतामाथि प्रश्न उठाएको छ । यो समस्या केवल लाइसेन्स प्रक्रियामा सीमित छैन । कर्णाली प्रदेशको राजधानी वीरेन्द्रनगरकै सडकहरू अपांगतामैत्री छैनन् भने ग्रामीण क्षेत्रको अवस्था झन् दयनीय छ । फुटपाथ असमान छन्, र्याम्पको अभाव छ, दृष्टिविहीनमैत्री मार्ग छैनन् र सार्वजनिक स्थानहरू अव्यवस्थित छन् । यसले अपांगता भएका व्यक्तिहरूलाई दैनिक जीवनमै असहज बनाएको छ । राजधानीकै यस्तो अवस्था हुँदा अन्य जिल्लाको स्थिति सहजै अनुमान गर्न सकिन्छ ।

अपांगता भएका व्यक्तिहरूलाई सवारी चालक अनुमति-पत्र (लाइसेन्स) प्रदान गर्ने विषयमा नेपालको प्रचलित कानूनले समान अवसरको व्यवस्था गरेको छ । तर व्यवहारमा भने आवश्यक सहजीकरण र पहुँचमैत्री व्यवस्था अभाव हुँदा उनीहरू लाइसेन्स प्राप्त गर्न कठिनाइ भोगिरहेका हुन् । पहुँचमैत्री व्यवस्था नहुँदा अपांगता भएका व्यक्तिहरूलाई लाइसेन्स प्राप्त गर्न कठिनाइ भएको भन्दै सरोकारवाला निकायसँ उनीहरूले गुनासो गरेका छन् । बुधबार अपांग सशक्तिकरण केन्द्र सुर्खेतको आयोजनामा भएको अर्न्तक्रियामा उनीहरूले गुनासो गरे । प्रचलित सवारी तथा यातायात व्यवस्था सम्बन्धी कानूनअनुसार शारीरिक तथा मानसिक रूपमा सवारी साधन चलाउन सक्षम व्यक्तिले लाइसेन्स लिन पाउने व्यवस्था छ । यसमा अपांगता भएका व्यक्तिहरूलाई स्वतः वञ्चित गरिएको छैन । तर आवश्यक परेमा उनीहरूको अवस्थाअनुसार अनुकूलित सवारी साधन प्रयोग गर्न सकिने प्रावधान रहेको छ । कानूनी व्यवस्थाअनुसार लाइसेन्स प्राप्त गर्न इच्छुक व्यक्तिले लिखित परीक्षा र प्रयोगात्मक (ट्रायल) परीक्षा उत्तीर्ण गर्नुपर्ने हुन्छ । तर अपांगता भएका व्यक्तिहरूका लागि यी परीक्षामा विशेष सहजीकरणको आवाश्यकता छ । लिखित र प्रयोगात्मक परीक्षामा अपांगता भएका व्यक्तिलाई अतिरिक्त समय, सहायक सामग्री, संकेत भाषा दुभाषे, ब्रेल वा अडियो प्रणाली उपलब्ध गराउने विषय स्पष्ट रूपमा कार्यान्वयन गर्न आवाश्यक छ ।

राज्यले "समावेशी विकास" को नारा दिए पनि व्यवहारमा समावेशिता अझै प्राथमिकतामा परेको देखिँदैन। नयाँ संरचना निर्माण गर्दा अपांगतामैत्री मापदण्ड अनिवार्य रूपमा लागू नहुनु र पुराना संरचनाहरू सुधारतर्फ ध्यान नदिनु नीति र व्यवहारबीचको खाडलको स्पष्ट संकेत हो । अपांगता भएका व्यक्तिहरूलाई अवसर दिनु दया होइन, अधिकार हो । उनीहरू पनि अन्य नागरिकसरह सक्षम छन् । सही वातावरण र सहजीकरण पाएमा। लाइसेन्स प्राप्ति जस्तो विषय उनीहरूको आत्मनिर्भरता, रोजगारी र सम्मानजनक जीवनसँग प्रत्यक्ष जोडिएको छ । अबको आवश्यकता नीतिगत प्रतिबद्धता मात्र होइन, प्रभावकारी कार्यान्वयनप पनि हो । स्पष्ट कार्यविधि निर्माण, पहुँचमैत्री पूर्वाधार विकास, जनशक्ति प्रशिक्षण र नियमित अनुगमनमार्फत यो समस्या समाधान गर्न सकिन्छ । साथै जनचेतना अभिवृद्धि र सरोकारवाला निकायबीच समन्वय पनि उत्तिकै महत्त्वपूर्ण छ । समावेशी समाज निर्माणका लागि राज्यले ढिलाइ गर्ने छुट छैन । अधिकारको सुनिश्चितता कागजमा मात्र होइन, व्यवहारमा पनि देखिनुपर्छ । अपांगता भएका व्यक्तिहरूलाई सहज, सम्मानजनक र स्वतन्त्र जीवनयापनको वातावरण सिर्जना गर्नु राज्यको कर्तव्य मात्र होइन, समावेशी लोकतन्त्रको आधार पनि हो । त्यसैले अधिकार कागजमा सिमित नबनाउँ, व्यवहारमा सुनिश्चित गर ।

# नेपालको शिक्षाले विश्व अनुभवबाट के सिक्ने ?



डा. निर्मल घिमिरे

नेपालको शिक्षा प्रणाली महत्त्वपूर्ण दोबाटोमा उभिएको छ । विगत केही दशकमा हामीले उल्लेख्य प्रगति गरेका छौँ । विद्यालय पुगेका बालबालिकाको संख्या बढेको छ । माध्यमिक तहसम्मको पहुँच विस्तार भएको छ तथा शिक्षाको महत्वबारे सामाजिक चेतना पनि पहिलेभन्दा उच्च छ ।

तर यति मात्रले शिक्षा प्रणाली सफल भएको मान्न सकिँदैन । प्रश्न विद्यालयमा कति जना पुगे भन्ने होइन । प्रश्न के हो भने- विद्यार्थीले विद्यालयमा के सिकिरहेका छन् ? शिक्षा उनीहरूको जीवन, रोजगारी र भविष्यसँग कसरी जोडिएको छ ?

नेपालमा शिक्षा सुधारबारे धेरै काम भएको छ । नीति आयो, आयोग बने, योजना बनाइए, परियोजना चलाइए तथापि अपेक्षित परिणाम आउन सकेन । किन ? यसको उत्तर खोज्न नेपालले अब आफ्नै सीमाभित्र रहेर मात्रै होइन, विश्वका अनुभवबाट सिक्नुपर्छ । तर यहाँ ध्यान दिनु पर्ने महत्त्वपूर्ण विषय के हो भने कुनै पनि देशको नतिजा राम्रो देखियो भन्दैमा त्यसको एउटा कार्यक्रम नक्कल गरेर हाम्रो समस्या समाधान हने छैन ।

**सुब्रालको पाठ**

ब्राजिलको सिआरा राज्यभित्र पर्ने सुब्राल नामक नगरपालिका शिक्षा सुधारको विश्व चर्चित उदाहरण हो । एक समय निकै कमजोर प्रदर्शन गर्ने यो नगरपालिका केही वर्षमै ब्राजिलकै उत्कृष्ट मध्ये पऱ्यो । यसको रहस्य के थियो ? न त कुनै चमत्कारी प्रविधि, न पाठ्यक्रम परिवर्तन, न ठुलो भवन निर्माण तर पनि यसले निकै ठुलो उदाहरण प्रस्तुत गऱ्यो । यसको मूल कारण थियो- राजनीतिक हस्तक्षेपबाट विद्यालय जोगाउने, सक्षम नेतृत्वको चयन । र सबै विद्यालयलाई स्पष्ट सिकाइ लक्ष्यमा केन्द्रित गर्ने शासन प्रणाली ।

अन्तर्राष्ट्रिय परीक्षणहरूमा समेटिने विद्यार्थी सबै बालबालिका हुँदैनन् । विद्यालयमा रहेका निश्चित आयु समूहका विद्यार्थी मात्र त्यहाँ पर्छन् । यदि ठुलो संख्या विद्यालयबाहिरै छ भने उच्च नतिजाले सम्पूर्ण पुस्ताको अवस्था झल्काउँदैन । त्यसैले राम्रो अंक देखियो भन्दैमा कुनै देशको शिक्षा प्रणाली पूर्ण रूपमा सफल छ भन्न मिल्दैन ।

सुब्रालले एउटा महत्त्वपूर्ण निर्णय गऱ्यो, विद्यालय प्रमुखलाई राजनीतिक पहुँचका आधारमा होइन, योग्यता र उत्तरदायित्वका आधारमा चयन गर्ने । साथै आरम्भिक कक्षामै सबै बालबालिकाले पढ्न सिक्नै पर्छ भन्ने स्पष्ट लक्ष्य तय गऱ्यो । नियमित मूल्यांकनलाई दण्डको साधन होइन, सुधारको साधन बनाइयो । यसले शिक्षक, प्रधानाध्यापक र स्थानीय निकायबिच सिकाइ केन्द्रित संस्कृतिको विकास गऱ्यो ।

नेपालले यहाँबाट स्पष्ट शिक्षा लिन सक्छ । शिक्षामा लगानी भन्दा ज्यादा शासन सुधारको नीतिगत निर्णय महत्त्वपूर्ण हुन्छ भन्ने । यदि विद्यालय नेतृत्व दलीय, व्यक्तिगत वा स्थानीय शक्ति सन्तुलनको कब्जामा रह्यो भने बजेट बढेर पनि सिकाइको गुणस्तर बढ्न सक्दैन ।

**भियतनामको अनुभव**

भियतनामलाई धेरैले शिक्षामा चमत्कार गर्ने मुलुकका रुपमा चिन्छन् । न्युन आय भएको देश भएर पनि उसले अन्तर्राष्ट्रिय परीक्षणहरूमा सम्पन्न मुलुकहरूलाई समेत उछिनेको छ । यसको श्रेय आंशिक रूपमा विद्यार्थीको अनुशासन, अभिभावकको अपेक्षा, शिक्षक निगरानी, पूर्वप्राथमिक लगानी र संस्थागत निरन्तरतामा जान्छ ।

अन्तर्राष्ट्रिय परीक्षणहरूमा समेटिने विद्यार्थी सबै बालबालिका हुँदैनन् । विद्यालयमा रहेका निश्चित आयु समूहका विद्यार्थी मात्र त्यहाँ पर्छन् । यदि ठुलो संख्या विद्यालयबाहिरै छ भने उच्च नतिजाले सम्पूर्ण पुस्ताको अवस्था झल्काउँदैन । त्यसैले राम्रो अंक देखियो भन्दैमा कुनै देशको शिक्षा प्रणाली पूर्ण रूपमा सफल छ भन्न मिल्दैन ।

नेपालले भियतनामबाट सिक्नुपर्ने त्यहाँको संस्कृति भन्दा बढी संस्थागत विकासको कथा हो । अभिभावकको उच्च अपेक्षा कानुन मात्रैले प्राप्ती गर्न सक्दैन । तर पूर्वप्राथमिक शिक्षा, नियमित शिक्षक, विद्यालय निगरानी र राज्यको कार्यक्षमतालाई भने नीतिबाट तय गर्न सकिन्छ ।

**केन्याको तुसोमे**

केन्याको तुसोमे कार्यक्रम प्रारम्भिक कक्षाका बालबालिकाको पढाइ सुधारका लागि विश्वमै सफल कार्यक्रममध्ये एक मानिन्छ । यसको विशेषता के छ भने यो सानो पाइलटमा सीमित रहेन, मन्त्रालयकै संरचनाभित्र बसेर राष्ट्रिय स्तरमा फैलियो ।

नेपालमा पनि पाठ्यक्रम, सीप, मूल्यांकन, दक्षता जस्ता शब्द धेरै प्रयोग हुन्छन् । तर कक्षाकोठामा शिक्षकलाई दिनदिनै के गर्ने भन्ने व्यावहारिक साथ छैन भने नीति कागजमै सीमित रहन्छ । कमजोर सिकाइ भएका विद्यालयमा शिक्षकलाई संरचित सहयोग, सरल सामग्री, नियमित प्रतिपुष्टि र कक्षाकोठा-आधारित समर्थन अत्यावश्यक हुन्छ ।

तुसोमेले शिक्षकलाई केवल तालिम दिएर छोडेन । उसले शिक्षकलाई स्पष्ट पाठ योजनासहितका संरचित मार्गदर्शिका दियो । विद्यालय भ्रमण गर्ने प्राविधिक अधिकारीलाई डिजिटल उपकरण दिइयो, जसले उनीहरू वास्तविक रूपमा कक्षाकोठामा पुगे कि पुगेनन् भन्ने देखायो । यसले 'रिपोर्टका लागि निरीक्षण' होइन पढाइ सुधारका लागि सहयोग सम्भव बनायो ।

नेपालमा पनि पाठ्यक्रम, सीप, मूल्यांकन, दक्षता जस्ता शब्द धेरै प्रयोग हुन्छन् । तर कक्षाकोठामा शिक्षकलाई दिनदिनै के गर्ने भन्ने व्यावहारिक साथ छैन भने नीति कागजमै सीमित रहन्छ । कमजोर सिकाइ भएका विद्यालयमा शिक्षकलाई संरचित सहयोग, सरल सामग्री, नियमित प्रतिपुष्टि र कक्षाकोठा-आधारित समर्थन अत्यावश्यक हुन्छ ।

**एस्टोनिया र सिंगापुर**

विश्वका उत्कृष्ट शिक्षा प्रणालीको चर्चा गर्दा एस्टोनिया र सिंगापुरको नाम अनिवार्य रूपमा आउँछ । यी देशमा शिक्षकको सामाजिक प्रतिष्ठा उच्च छ । छनोट कडा छ । तयारी बलियो छ । र, प्रणालीमा विश्वास पनि गहिरो छ । त्यहाँ शिक्षकलाई पर्याप्त स्वायत्तता दिइन्छ ।

धेरैले सोच्छन् शिक्षकलाई स्वतन्त्रता दिएपछि गुणस्तर बढ्छ । वास्तवमा उच्च क्षमता भएपछि मात्र उच्च स्वायत्तता फलदायी हुन्छ । प्रारम्भिक तयारी कमजोर, पेशागत समर्थन न्यून, उत्तरदायित्व अस्पष्ट र कक्षाकोठामा असमानता बढी भएको सन्दर्भमा असीमित स्वायत्तताले प्रायः कमजोर विद्यार्थीलाई अझ पछाडि धकेल्न सक्छ ।

नेपालले एस्टोनिया वा सिंगापुरको पूरा मोडेल आजकै अवस्थामा उतार्न सक्दैन । तर तिनले दिएको एउटा महत्त्वपूर्ण पाठ हामी तुरुन्त लागू गर्न सक्छौँ । त्यो हो- समतामूलक समर्थन । गरिब विद्यार्थीका लागि निःशुल्क शैक्षिक सामग्री, पोषण, स्वास्थ्य, भाषा समर्थन, र विशेष आवश्यकताका सेवाहरू बिना गुणस्तरको कुरा अधूरो हुन्छ ।

**उमेर होइन, सिकाइको स्तर हेरौँ**

भारतबाट सुरु भएको 'टिचिङ एट द राईट लेभल' मोडेलले अत्यन्त सरल तर शक्तिशाली सत्य देखायो । एउटै कक्षामा बसेका सबै बालबालिका सिकाइको एउटै स्तरमा हुँदैनन् । तर हाम्रो विद्यालय प्रणालीले सबैलाई एउटै पाठ, एउटै गतिमा, एउटै अपेक्षासहित पढाउन खोज्छ । परिणामस्वरूप, कमजोर आधार भएका विद्यार्थी वर्षौंदेखि झन् पछि पर्दै जान्छन् ।

विश्वका असफल शिक्षा सुधारबाट नेपालले अझ धेरै सिक्न सक्छ । धेरै देशमा प्रविधि वितरणलाई शिक्षा सुधारको साँचोका रूपमा बेचियो । 'वन ल्यापटप वन चाइल्ड' जस्ता कार्यक्रमले लाखौं उपकरण बाँडे । तर शिक्षकले त्यसलाई शिक्षणसँग जोड्ने नसकेको देखियो । उपकरण बिग्रिए, चार्ज गर्ने पूर्वाधार भएन, मर्मत भएन र कार्यक्रम महँगो बोझ बन्यो ।

यो मोडेलले उमेर वा कक्षाभन्दा बालबालिकाको वास्तविक पढ्ने-लेख्ने-गन्ने क्षमताका आधारमा समूह बनाउँछ । आधारभूत सीपमा केन्द्रित, खेलमुखी र अन्तरक्रियात्मक विधिबाट छोटो अवधिमै सिकाइमा ठुलो सुधार ल्याउन सकिन्छ भन्ने प्रमाण यसले दिएको छ । कम लागत, उच्च प्रभाव र ग्रामीण तथा विपन्न समुदायमा विशेष उपयोगी हुने भएकाले यो मोडेल नेपालका लागि अत्यन्त सान्दर्भिक देखिन्छ ।

नेपालमा माध्यमिक तहको सुधारबारे धेरै चर्चा हुन्छ, तर वास्तविक संकट त प्रारम्भिक सिकाइमै छ । कक्षा ३, ४, ५ सम्म आइपुग्दा पनि राम्रोसँग पढ्न नसक्ने विद्यार्थीलाई पछि विज्ञान, गणित, सामाजिक शिक्षा वा जीवनोपयोगी सीप सिकाउने आशा गर्नु भ्रम हो ।

**बंगलादेशतर्फ हेरौँ**

नेपालका धेरै युवामा एउटा साझा गुनासो छ- विद्यालय र कलेजले जीवन वा रोजगारीका लागि उपयोगी तयारी दिएन । यही समस्यामा बंगलादेशको माध्यमिक शिक्षा सुधार उपयोगी पाठ दिन्छ । त्यहाँ माध्यमिक तहमा पहुँच विस्तारसँगै गरिब विद्यार्थीका लागि छात्रवृत्ति, विद्यालय विस्तार, विज्ञान-गणित-भाषाजस्ता विषयमा स्रोत शिक्षक, र प्राविधिक तथा पूर्व-व्यावसायिक विकल्पहरू थप्ने प्रयास गरिएको थियो ।

नेपालमा पनि सबै विद्यार्थी एउटै शैक्षिक बाटोबाट जानुपर्छ भन्ने सोच कमजोर हुँदै गएको छ । धेरै विद्यार्थीलाई विद्यालयपछि तुरुन्तै काम, सीप, उद्यम वा प्राविधिक अवसर चाहिन्छ । त्यसैले माध्यमिक शिक्षा विश्वविद्यालय प्रवेशको मात्र तयारी नभई जीवन र कामको तयारी पनि हुनुपर्छ ।

**असफलताबाट सिकौँ**

विश्वका असफल शिक्षा सुधारबाट नेपालले अझ धेरै सिक्न सक्छ । धेरै देशमा प्रविधि वितरणलाई शिक्षा सुधारको साँचोका रूपमा बेचियो । 'वन ल्यापटप वन चाइल्ड' जस्ता कार्यक्रमले लाखौं उपकरण बाँडे । तर शिक्षकले त्यसलाई शिक्षणसँग जोड्ने नसकेको देखियो । उपकरण बिग्रिए, चार्ज गर्ने पूर्वाधार भएन, मर्मत भएन र कार्यक्रम महँगो बोझ बन्यो ।

नेपालले यसबाट स्पष्ट सन्देश लिनुपर्छ- हार्डवेयर होइन, शिक्षण प्रक्रिया महत्त्वपूर्ण हो । शिक्षकको भूमिका, सामग्री, कक्षाकोठा अभ्यास, भाषा, मूल्यांकन र समर्थन प्रणाली बदलिनु बिना ल्यापटप, ट्याब, स्मार्टबोर्ड वा एप मात्रले शिक्षा बदल्दैन ।

त्यस्तै, शिक्षकलाई बोनस दिँदा मात्र सिकाइ बढ्छ भन्ने धारणा पनि धेरै सन्दर्भमा कमजोर सावित भएको छ । यदि कक्षाकोठामा पुस्तक छैन, सहयोग छैन, मूल्यांकन विकृत छ र प्रणाली दण्डमुखी छ भने प्रोत्साहनको यस्तो मोडेलले कहिलेकाहीँ उल्टै कमजोर विद्यार्थीलाई किनारामा धकेल्ने जोखिम बढाउँछ भन्ने सिकाएको छ ।

**नेपाललाई 'एभिडेन्स ल्याब' चाहिन्छ**

नेपालमा शिक्षा क्षेत्रमा धेरै वर्षदेखि बाह्य परियोजना, दातृ निकाय, पाइलट कार्यक्रम र विखण्डित हस्तक्षेप चल्दै आएका छन् । समस्या के हो भने एउटा परियोजना सकिन्छ, अर्को सुरु हुन्छ । तर प्रणालीले स्थायी रूपमा के सिकायो भन्ने स्पष्ट हुँदैन ।

पेरुको मिनेदु ल्याब जस्तो मोडेल यहाँ प्रेरणादायी हुन सक्छ । शिक्षा मन्त्रालयभित्रै सानो तर सक्षम इकाइ बनाएर कम लागतमा नवप्रवर्तनको, डेटाको काम गर्न सकिन्छ । यसले विद्यार्थीमा सिकाईको राम्रो गुणस्तर विकास गर्न सक्छ । यस्तो प्रणालीले नीतिलाई अनुमान, प्रभाव वा राजनीतिक भाषणमा होइन, तथ्य र शिपमा आधारित बनाउँछ ।

# वामपन्थसँग विरक्तिएको पुस्ता !



मुराहरि पराजुली

नेपाल कम्युनिस्ट पार्टी (संयुक्त) का कार्यवाहक अध्यक्ष घनश्याम भुसालले महिना दिनअघि एउटा फेसबुक पोस्टमा नेपालको वामपन्थी आन्दोलनकोअवनतिबारेचिन्ताप्रकट गरे ।

उनका अनुसार पछिल्लो चुनावी नतिजाका कारण 'इमानदार वामपन्थी' अहिले डिप्रेसनमा छन् । किनभने वामपन्थी आन्दोलनको अवसानपछि गरिब र निमुखाको पक्षमा कसले लडाइँ गर्ला भन्ने पिर उनीहरूलाई छ ।

भुसालका अनुसार समस्त मनुष्य जातिका प्रति दायित्ववोध गर्ने मान्छे वामपन्थी बन्छ । यस हिसाबले वामपन्थी भावुक हुन्छन् ।

यही भावुकताले धेरैलाई कम्युनिस्ट बनाएको हुन्छ । उनीहरू पार्टीमा सामेल भए, राजनीतिक अभियान चलाए । धेरै मुलुकमा उनीहरू प्रमुख राजनीतिक शक्ति बने, नेपालमा पनि ।

तर नेताहरूले लाखौं कार्यकर्ताको भावुकतालाई नाजायज दोहन गरे । यसै कारण पछिल्लो चुनावमा कम्युनिस्टले पराजय बेहोर्नुपऱ्यो ।

यस्तो गुनासो गर्ने भुसाल मात्रै होइनन् । वामपन्थको उत्कर्षलाई सम्झिएर नोस्टाल्जिक हुनेहरू संसारभर छन् । ग्रिसका प्राध्यापक यानिस वारूफाकिस तिनैमध्ये एक हुन् ।

पुँजीवादी अर्थ-राजनीतिको प्रखर आलोचक वारूफाकिस सन् २०१५ मा ग्रिसको अर्थमन्त्री बनेका थिए । त्यहाँ सन् २००४ मा स-साना वामपन्थी समूहहरूको गठबन्धन 'सिरिजा' बनेको थियो ।

त्यसले सन् २०१५ मा ४० वर्षीय युवा नेता एलेक्सिस सिप्रासको नेतृत्वमा झन्डै दुई-तिहाइ सिटसहित चुनाव जितेपछि वारूफाकिस अर्थमन्त्री बनेका थिए । बेलायतमा अर्थशास्त्र प्राध्यापन गर्दै बसिरहेका वारूफाकिसले अमेरिका, अन्तर्राष्ट्रिय मुद्रा कोष र विश्व बैंकको धुँवादार विरोध गरेर चर्चा बटुलेका थिए ।

ग्रिस टाट पल्टिएको थियो । उद्योग व्यापार चौपट भएको थियो । धेरै बेरोजगार भएका थिए ।

देश तन्नम हुनु र ऋणको दलदलमा फस्नुको कारण पुरानो दलका साथै विदेशी शक्ति हुन् भन्ने जनधारणाको सिरिजाले व्यापक दोहन गरी त्यति बेलाको चुनाव जितेको थियो ।

तैपनि जनताको समस्या हल गर्ने वाचा गरेको कम्युनिस्ट पार्टीले चुनावी जितलाई सकारात्मक दिशामा अगाडि बढाउन सकेन । आर्थिक पुनरूत्थानको काम अधुरै रह्यौ । गठबन्धनमा टुटफुट भयो । प्रधानमन्त्रीसँग कुरा नमिलेपछि चार महिनामै अर्थमन्त्री वारूफाकिसले राजीनामा दिए ।

ग्रिसको ३०० सदस्यीय संसदमा हाल कम्युनिस्ट पार्टी २१ सिटमा खुम्चिएको छ ।

ग्रिसबाट विभिन्निएर निस्केका वारूफाकिस अहिले 'डेमोक्रेसी इन युरोप' नामको अभियानसँग जोडिएका छन् । उनले हालैको एउटा अन्तर्वार्तामा वामपन्थीले गुमाएको अवसरको चर्चा गरेका छन् ।

'सन् २००८ मा पुँजीवाद संकटमा पऱ्यो । हाम्रो प्रक्षेपण मिल्यो तर हामीले त्यसबाट लाभ उठाउन सकेनौं,' उनी भन्छन्, 'कोभिडका बेलामा पुँजीवाद नराम्री ढल्यो तर पनि हामीले केही गर्न सकेनौं । त्यसको जस एन्टिभ्याक्सिन र दिमाग खराब भएका लफंगाहरूको समूहले लिए । हामी इतिहासकै हरूवा भयौं ।'

अन्तर्वार्ताको अन्ततिर उनी निष्कर्ष सुनाउँछन्, 'हामी नयाँ विचार लिएर अगाडि बढ्नुपर्छ । प्राविधिक रूपमा उन्नत प्रजातान्त्रिक, उदार र समाजवादी समाजतर्फ अगाडि बढ्नुपर्छ ।'

कुनै बेला संसारभर रजगज गरेको वामपन्थी विचार अहिले जनताबाट अलग्गिदै जाँदा यस किसिमको चिन्ता बढ्नु स्वाभाविक हो ।

यो चिन्ता र वामपन्थको बिउ सँगसँगै रोपिएको हो । धेरै चिन्तकले यसको पूर्वानुमान गरेका थिए । उग्र भौतिकवाद र सामाजिक नियतिवादले कालान्तरमा निराशा बाहेक केहीँ दिँदैन भन्ने धेरै चिन्तकको चेतावनीलाई वामपन्थीले बेवास्ता गर्दै आएका थिए ।

उनीहरूले त्यस्ता चेतावनीहरूको तथ्यपूर्ण र तर्कसँगत खन्डन गरेनन्, बरू तिनलाई निकृष्ट भाषामा सत्तोसराप गरे ।

उग्र भौतिकवादले सबै कुरा (चेतना, मन, विचार, इतिहास, नैतिकता आदि) लाई भौतिक पदार्थ र भौतिक प्रक्रियाहरूमा सीमित गर्छ ।गैरभौतिक कुनै पनि अस्तित्व (आत्मा, ईश्वर, अमूर्त विचार वा स्वतन्त्र चेतना) लाई पूर्ण रूपमा अस्वीकार गर्छ ।

सबै कुरा भौतिक हो । चेतना वा मन भनेको पनि मस्तिष्कको भौतिक प्रक्रिया मात्र हो ।

कुनै 'अलौकिक' वा 'अमूर्त' तत्व छैन । कार्ल मार्क्सको ऐतिहासिक भौतिकवादले त झन समाज र इतिहासलाई उत्पादनका साधन (श्रम, पुँजी र भूमि) र वर्ग संघर्ष (सर्वहारा र पुँजीपतिको लडाइँ) मा सीमित गरिदिन्छ ।

सामाजिक नियतिवादले व्यक्तिको व्यवहार, विचार, विश्वास र निर्णयलाई मुख्य रूपमा सामाजिक कारकहरूले निर्धारण गर्छ भन्छ । जन्मजात जैविक गुणभन्दा संस्कृति, वर्ग, शिक्षा, सामाजिक नियम, परिवार, समुदाय र सामाजिक अन्तर्क्रियाले नै मान्छेलाई मान्छे बनाउँछ ।

व्यक्ति स्वायत्त हुँदैन, उसको स्वतन्त्र इच्छा गौण हुन्छ । सामाजिक संरचना, मूल्यमान्यता, स्थापित संस्थाहरू र प्रचलित संस्कृतिबाट व्यक्तिगत व्यवहारको निर्धारण हुन्छ । व्यक्तिको चेतना समाजको सामूहिक चेतनाबाट निःसृत हुन्छ । व्यक्तिगत सामर्थ्यमा जैविकताको कुनै भूमिका हुँदैन ।

यस किसिमको चिन्तन पछ्याउनेहरुले प्रस्तुत गर्ने एउटा सजिलो र सबैले सजिलै पचाउने उदाहरण निम्न वर्गको तुलनामा उच्च सामाजिक-आर्थिक वर्गमा जन्मेको बच्चाले राम्रो शिक्षा र अवसर पाउँछ, जसले उसको जीवन निर्धारण गर्छ भन्ने हो ।

यस्तो सरल उदाहरण मान्ने हो भने अपराधलाई पनि व्यक्तिगत होइन, सामाजिक उपज हो भन्नुपर्छ होइन र? अनि यस्तोमा सजाय कसलाई दिने?

वामपन्थले धार्मिक ग्रन्थहरू र तिनमा लेखिएका कुरालाई प्रमाण मान्दैन तर क्रान्तिको धर्मसूत्र रचना गर्छ । समाज यान्त्रिक रूपमा निश्चित चरणबाट निश्चित चरणमा जान्छ भन्छ र क्रान्तिको निश्चित विधि पनि बताउँछ ।

वामपन्थीहरूका यस्तै विरोधाभाषी कुरा र असंगत कर्मले रूसी लेखक फ्योदोर दस्तोभस्कीलाई सन् १८७२ मा उपन्यास 'डेमोन्स' लेख्न प्रेरित गरेको हुनुपर्छ ।

उपन्यासमा रूसको कुनै सानो सहरको परिवेशलाई आधार बनाएर बुनिएको कथाले झन्डै ४५ वर्षपछिको बोल्सेभिक क्रान्तिको प्रक्षेपण गरेको भान हुन्छ ।

चर्च गलत हो, ग्रन्थ गलत हो, जार शोषक हो भन्दै किसान, कामदार उक्साउने, सेना-प्रहरी, कर्मचारीहरूलाई एकआपसमा जुधाउने, फरक मत राख्ने आफ्नै साथीहरूलाई सिध्याउने मुख्य पात्र निकोलाई स्ताभरोजिन उपन्यासको अन्त्यतिर आफ्ना कुकर्मको पश्चाताप गर्न चर्चमा जान्छ ।

चर्चमा बिशपसँग लामो कुराकानी हुन्छ ।

एउटा प्रसंगमा बिशप भन्छन्, 'क्रान्तिहरूले आधारभूत रूपमा केही पनि परिवर्तन गर्दैन । समाजमा लुकेका रोगहरू छरपस्ट पार्छ तर निको पार्दैन । क्रान्तिपछि पुराना सामग्रीलाई नयाँ तरिकाले सजाइन्छ, पुराना छविहरू नयाँ पोशाकमा देखा पर्छन् । तर पनि रूसी समाज क्रान्तिको मोहमा फसेको छ ।'

रूसी क्रान्तिको तुलनामा उपन्यासले कथेको समयावधि र चर्चेको स्थान साँघुरो छ । रूसी क्रान्तिअघि र पछिको समय भने निकै लामो थियो । स्थानको कुरा गर्दा फैलिएर त्यो क्रान्तिले कुनै बेला झन्डै आधा संसार ढाकेको थियो ।

रूसको क्रान्तिले जारको ठाउँमा स्टालिनलाई ल्यायो, चीनमा बादशाहको ठाउँमा माओलाई ल्यायो ।

क्युबामा कास्ट्रो, उत्तर कोरियामा किम इल सुंग, कम्बोडियामा पोलपोट जस्ता तानशाहलाई स्थापित गऱ्यो । दक्षिण अमेरिका र अफ्रिकी मुलुकहरूले अझै कम्युनिस्ट क्रान्तिको मूल्य चुकाइरहेका छन् ।

# कर्णालीमा अन्तर्राष्ट्रिय चलचित्र महोत्सव हुँदै

❒ काँक्रेविहार संवाददाता
वीरेन्द्रनगर, १० वैशाख

कर्णाली क्षेत्रको पर्यटन, कला-संस्कृति र चलचित्र विकासलाई केन्द्रमा राख्दै "घूमौं कर्णाली, हेरौं कर्णाली" नारासहित तेस्रो कर्णाली अन्तर्राष्ट्रिय चलचित्र महोत्सव (KIFF) २०२६ आयोजना हुने भएको छ।

महोत्सवले कर्णालीलाई चलचित्र पर्यटनको नयाँ गन्तव्यका रूपमा स्थापित गर्ने लक्ष्य लिएको आयोजकले जनाएको छ।

नेपाली चलचित्रको प्रवर्द्धन र विकाससँगै कर्णालीको पर्यटन सम्भावनालाई उजागर गर्ने उद्देश्यले आयोजना हुन लागेको यस महोत्सवले शहरदेखि गाउँसम्म चलचित्र र पर्यटनलाई जोड्ने विविध कार्यक्रम सञ्चालन गर्नेछ।

कर्णाली क्षेत्रमा प्रशस्त प्राकृतिक, सांस्कृतिक र ऐतिहासिक सम्भावना भए पनि पर्यटन र चलचित्रसम्बन्धी गतिविधि न्यून रहेको सन्दर्भमा महोत्सवलाई महत्वपूर्ण पहलका रूपमा हेरिएको छ।

महोत्सवमार्फत कर्णालीका मौलिक कथा, जीवनशैली, भाषा, भेषभूषा, कला, संस्कृति, परम्परा र रीतिरिवाजलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रचारप्रसार गर्ने लक्ष्य राखिएको छ।

"जनजनमा नेपाली चलचित्र, मनमनमा नेपाली चलचित्र" भन्ने अभियानसहित 'गन्तव्य कर्णाली' अवधारणालाई अघि बढाइएको आयोजकको भनाइ छ।

यसअघि पनि कर्णालीका विभिन्न जिल्लामा महोत्सवसम्बन्धी गतिविधि सञ्चालन गर्दै चलचित्र पर्यटनको सम्भावना पहिचान, अध्ययन र प्रवर्द्धनका प्रयास गरिएको जनाइएको छ।

महोत्सवले चलचित्र निर्माता, निर्देशक तथा सम्बन्धित संघ-संस्थालाई कर्णालीतर्फ आकर्षित गर्दै स्थानीय, प्रदेश र संघीय सरकारबीच समन्वयको वातावरण सिर्जना गर्ने अपेक्षा गरिएको छ।

यस वर्ष महोत्सवले कर्णालीका लुकेका कथालाई उजागर गर्न चलचित्र कथा प्रतियोगिता समेत घोषणा गरेको छ।

प्रतियोगितामा छनोट हुने उत्कृष्ट कथालाई एक लाख रुपैयाँ पुरस्कार प्रदान गरिने जनाइएको छ। साथै, जलवायु परिवर्तनका विषयमा सन्देश दिने चलचित्रलाई विशेष प्रोत्साहन गर्ने कार्यक्रम पनि समावेश गरिएको छ।

महोत्सव अन्तर्गत वैशाख ११ गते वीरेन्द्रनगर, सुर्खेतस्थित होटल शुभमा उद्घाटन तथा चलचित्र पर्यटन संवाद कार्यक्रम आयोजना हुनेछ भने वैशाख १२ गते सल्यानको कुपिण्डेदहमा 'कुपिण्डे चलचित्र पर्यटन समारोह' सञ्चालन गरिनेछ।

आयोजकका अनुसार महोत्सवले कर्णालीका पर्यटकीय तथा धार्मिक स्थल, सम्भावित छायाङ्कन स्थल र स्थानीय संस्कृति-कला विश्वमाझ चिनाउने अवसर सिर्जना गर्नेछ।

साथै, चलचित्र र पर्यटनमार्फत रोजगारी सिर्जना, आर्थिक गतिविधि विस्तार तथा सामाजिक चेतना अभिवृद्धिमा योगदान पुग्ने अपेक्षा गरिएको छ।

महोत्सवलाई सफल बनाउन संघीय, प्रदेश र स्थानीय तहका सरकारी निकाय, चलचित्र क्षेत्र, पर्यटन व्यवसायी, नागरिक समाज र सञ्चारकर्मीको सहयोग रहने विश्वास आयोजकले व्यक्त गरेको छ।

# भन्सारमा राजस्व सङ्कलनमा उल्लेख्य वृद्धि

❒ काँक्रेविहार संवाददाता
कञ्चनपुर, १० वैशाख

कञ्चनपुरका सीमानाकामा कडाइ गरिएसँगै कञ्चनपुर भन्सार कार्यालय गड्डाचौकीमार्फत हुने राजस्व सङ्कलनमा उल्लेख्य वृद्धि भएको छ।

पछिल्ला केही दिनयता भएको सुधारसँगै यस आर्थिक महिनाको लक्ष्य पूरा मात्र होइन, लक्ष्य नाघ्ने सम्भावना समेत देखिएको छ।

भन्सार कार्यालयका अनुसार पछिल्ला आठ दिनमै मात्र कुल लक्ष्यको करिब २५ प्रतिशत राजस्व असुल गरिएको छ।

विगतका महिनाहरूमा लक्ष्य पूरा गर्न कठिनाइ हुँदै आएको भए पनि हालको कडाइपछि राजस्व संकलनमा सुधार देखिएको कार्यालयले जनाएको छ।

कार्यालयका सूचना अधिकारी चक्रदेव भट्टका अनुसार वैशाख ८ गतेसम्म एक करोड ५२ लाख रुपैयाँ राजस्व सङ्कलन भएको छ।

उनका अनुसार वैशाख महिनाका लागि कुल छ करोड ८० लाख रुपैयाँ राजस्व लक्ष्य निर्धारण गरिएको छ। तर हालको गति हेर्दा यो महिनामा लक्ष्यभन्दा बढी राजस्व उठ्ने सम्भावना देखिएको उनले बताए




उनका अनुसार गत चैत महिनामा पाँच करोड ८३ लाख रुपैयाँ लक्ष्य राखिएकोमा ९२ प्रतिशत मात्र लक्ष्य पूरा भएको थियो, जसअनुसार पाँच करोड ४१ लाख रुपैयाँ संकलन भएको थियो।

त्यस्तै, गत फागुन महिनामा भने लक्ष्यको करिब ७९ प्रतिशत मात्र राजस्व सङ्कलन भएको कार्यालयले जनाएको छ।

सीमानाकामा कडाइ बढाइएपछि चोरीपैठारीका गतिविधि पनि घटेको भन्सार कार्यालयको मूल्यांकन छ। हाल यात्रुबाट एक सय रुपैयाँभन्दा बढी मूल्यका सामानमा भन्सार शुल्क लिने व्यवस्था लागू गरिएको छ, जसले राजस्व संकलनमा थप सहयोग पुगेको बताइएको छ।

भन्सार असुली सुधार भए पनि कार्यालयले प्राविधिक र संरचनागत चुनौती सामना गरिरहेको जनाएको छ।

विगत एक दशकदेखि भन्सारमा प्रयोग हुँदै आएको एक्सरे मेसिन सञ्चालनमा नआएकाले सामान जाँच प्रक्रियामा ढिलाइ हुने गरेको सूचना अधिकारी भट्टले बताए।

मेसिनमा समस्या आएपछि मर्मत तथा पुनःसञ्चालन हुन नसक्दा गैरकानुनी वस्तुहरूको निगरानीमा केही कठिनाइ आएको उनको भनाइ छ।

साथै, आवश्यक जनशक्ति अभावका कारण पनि मेसिन मर्मत तथा व्यवस्थापन प्रभावित भएको कार्यालयले जनाएको छ।

भन्सार कार्यालयले हालको सुधारलाई दिगो बनाउन प्राविधिक उपकरण सुधार, जनशक्ति व्यवस्थापन र सीमावर्ती क्षेत्रमा थप कडाइ आवश्यक रहेको औंल्याएको छ।

## खानेपानी तथा ढल व्यबस्थापन कार्यालय सुर्खेतको सूचना !

पानी हाम्रो जीवनमा नभइ नहुने अमुल्य बस्तु हो। त्यसैले हामी सबैले स्वच्छ पानी प्रयोग गरौं। पानीको श्रोत सधै सफा राखौं। गाइबस्तुलाई कुवा, मुल वा धारामा पानी नखुवाऔं। मानिसले पिउने पानीको स्रोत वरपर वृक्षारोपण गरौं। पानीको स्रोत संरक्षण गरौं। भुक्षय, बाढी पहिरोवाट पानीको मुहान संरक्षण गरौं। पानीको मुहानलाइ सुरक्षित गरियो भने घरघर मा धारामा आउने पानी स्वच्छ र सफा हुनेछ। यदी पानीको मुहान दुषिद भयो भने हामीलाई बिभिन्न खालका रोग लाग्न पनि सक्छ। यसको संरक्षण गर्न सकेनौं भने भविस्यमा पानीको समस्या निम्तन सक्ने भएकाले संरक्षणमा पनि आवश्यक ध्यान दिनु जरुरी छ।

बाटोघाटो बनाउदा, नहर कुलो पानीको मुल मासिन सक्छ, यस्ता काम गर्दा विशेष उपाय अपनाऔं। नहर, कुलो समय/समयमा उपभोक्ताहरु मिलेर सफा गरौं। यस आयोजनाबाट सञ्चालित योजनाहरु समयमै सम्पन्न गर्न सबैले आ-आइनो क्षेत्रबाट सहयोग गरौं। ढललाई जथाभावी निकास दिने कार्य बन्द गरौ। साथै कोरोना भाइरस लगायतका रोगका संक्रमणबाट बच्न स्वास्थ्य सुरक्षाका मापदण्ड अनिबार्य अपनाऔं।

खानेपानी तथा ढल व्यवस्थापन कार्यालय
सुर्खेत

# मनपरी भाडा उठाउँदै सार्वजनिक यातायातका परिचालक

❒ काँक्रेविहार संवाददाता
काठमाडौं, १० वैशाख

सार्वजनिक सवारीका परिचालकले मनपरी भाडा उठाउन थालेको गुनासो बढेको छ। गत चैत अन्तिम साता सङ्घीय र प्रदेश सरकारले सार्वजनिक यातायातको भाडा वृद्धि गरेपछि सवारीका परिचालकले मनपरी भाडा उठाउन थालेका हुन्। पेट्रोलियम पदार्थको मूल्य वृद्धि भई बढाइएको भाडा विद्युतीय सवारीसाधनमा लागू नहुने जनाइएको थियो। तर, कतिपय विद्युतीय सवारीका परिचालकले समेत भाडा बढाएर लिने गरेको गुनासो सुनिएका छन्। सवारीसाधनका परिचालकले यात्रुको अनुहार हेरेर सकिने जति भाडा लिने गरेको दैनिक भक्तपुर-रत्नपार्क रुटमा सार्वजनिक यातायात चढ्दै आउनुभएका बलराम शिल्पकार बताउँछन्। बागमती प्रदेश सरकार श्रम, रोजगार तथा यातायात मन्त्रालयको गत चैत २७ गतेको निर्णयअनुसार प्रदेशभर भाडा समायोजन गरिएको हो। चैत २८ गतेदेखि लागू भएको भाडादरअनुसार पाँच किलोमिटरसम्मको भाडा अब २४ रुपैयाँ पर्छ। तर सार्वजनिक यातायातका परिचालकले भने तेस्रो स्टेसन पार गरेदेखि ३५ रुपैयाँ भाडा लिइरहेको उनले बताए। जुन दूरीका हिसाबले तीन किलोमिटर पनि हुँदैन।

सरकारले १० किलोमिटरसम्मको भाडा ३३ रुपैयाँ तोकेको छ। पन्ध्र किलोमिटरसम्मको भाडा ३९ रुपैयाँ तोकिएको छ। सरकारले २० किलोमिटरसम्म दूरीको भाडा ४४ रुपैयाँ र २० किलोमिटरभन्दा बढी दूरीको भाडा ५० रुपैयाँ तोकेको छ। वैज्ञानिक भनिएको यो भाडादर अवैज्ञानिक रहेको यात्रु शिल्पकारको भनाइ छ। वैज्ञानिक भाडादरका नाममा केही सरकारी अधिकारीले व्यवसायीसँग मिलेमतो गरी यात्रुलाई समस्यामा पार्ने गरेको उहाँको बुझाइ छ। पेट्रोलियम पदार्थको भाउ बढ्दा बढ्ने गरेको सार्वजनिक यातायातको भाडा भाउ घट्दा भने कहिल्यै घट्दैन।

उल्टै सवारीसाधनका परिचालकले भने तोकिएभन्दा बढी आफूखुसी भाडा लिइरहेको यात्रु बताउँछन्। विदुर नगरपालिका-५ देवीघाटका स्थायी बासिन्दा वासुदेव नेपाल नुवाकोट र काठमाडौँ ओहोरदोहोर गरिरहन्छन्  थानकोटबाट गल्छीसम्म करिब ४८ किलोमिटर दूरीको भाडा उनले २०० रुपैयाँ तिरे। गल्छीबाट देवीघाटसम्म करिब १७ किमीको भाडा भने १३० रुपैयाँ तिर्नुपरेपछि उनले सामाजिक सञ्जालमै लेखेर परिचालकले यात्रुसँग तोकिएभन्दा धेरै भाडा उठाइरहको सार्वजनिक गरे। रसुवा नाकासम्म पुग्ने कालोपत्र गरिएको राजमार्गमा १७ किमी दूरी पार गर्दा १३० रुपैयाँ भाडा तिर्न आफू बाध्य हुनुपरेको यात्रु नेपालको गुनासो छ।

बागमती प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७५ अनुसार यात्रुले भाडा तिरेपछि टिकट पाउनुपर्ने व्यवस्था गरेको छ। तर काठमाडौँ उपत्यकाभित्र चल्ने सवारसाधनले भने यात्रुलाई टिकट दिँदैनन्। टिकट नदिने भएपछि परिचालकलाई आफू खुसी भाडा असुल गर्न सहज भएको हो।

ऐनमा परिचालकलाई परिचयपत्र दिएर मात्र टिकट काट्न लगाउनुपर्ने व्यवस्था भए पनि यो पनि कार्यान्वयन हुन सकेको छैन। परिचालकलाई परिचयपत्र, नियुक्तिपत्रसहित न्यूनतम् आवश्यकता पूरा गर्नसक्ने गरी पारिश्रमिकको व्यवस्था गरिदिए यो क्षेत्र व्यवस्थित बन्दै जाने उनी बताउँछन्।

प्रदेश ऐनमा यातायात निरीक्षकको व्यवस्था पनि गरिएको छ। सार्वजनिक यातायातले बढी भाडा लिइ यात्रु ठगी गरेमा कारबाही गर्नुपर्ने यातायात निरीक्षकको नियुक्ति अझै हुन नसकेको प्रदेश मन्त्रालय यातायात महाशाखा प्रमुख प्रवीण श्रेष्ठले बताए।

विभिन्न जिल्लामा रहेका यातायात व्यवस्था कार्यालयले ती क्षेत्रमा चल्ने सार्वजनिक यातायातलाई व्यवस्थित गर्ने काम गरिरहेको उनले सुनाए। ती कार्यालयका कार्यालय प्रमुखले सम्बन्धित क्षेत्रको यातायात व्यवस्थापन समितिको अध्यक्ष भएरसमेत काम गरिरहेका छन्।

## सरोकारवालाहरुले कार्यान्वयनमा सहयोग गर्नुपर्ने बालबालीकाका निम्न अधिकारहरु

- बाँच्न पाउने अधिकार
- नाम, राष्ट्रियता र पहिचानको अधिकार
- भेदभाव विरुद्धको अधिकार
- संरक्षणको अधिकार
- सहभागिताको अधिकार
- अभिव्यक्ति स्वतन्त्रता र सूचनाको अधिकार
- संस्था खोल्ने र शान्तिपूर्वक भेला हुने अधिकार
- गोपनियताको अधिकार
- अपाङ्गता भएका बालबालिकाको विशेष अधिकार
- पोषण तथा स्वास्थ्यको अधिकार
- खेलकुद मनोरञ्जन तथा सांस्कृतिक अधिकार
- शिक्षाको अधिकार

"बालबालिकाको अधकारको सम्मान, संरक्षण, प्रवर्द्धन र परपूर्ति गरी बालबालिकाको सर्वोत्तम हित कायम गर्ने, सरोकारवालाहरुले आ-आफ्नो क्षेत्रबाट प्रभावकारी भूमिका निर्वाह गर्नु सबैको दायित्व हो "

जेष्ठ नागरिकको संरक्षण, र सामाजिक सुरक्षा गर्ने, निजहरुमा रहेको ज्ञान, शिप, क्षमता र अनुभवको सदुपयोग गरी निजहरुप्रति श्रद्धा, आदर तथा सद्भावको अभिवृद्धि गर्नु सबै सरोकारवालहरुको दायित्व हो।

उमेरजन्य विभेदको अन्त्य गरौँ जेष्ठ नागरिक विरुद्ध हुने दुर्व्यवहार अन्त्यका लागि तथ्यमा आधारित नीति र कार्यमा जोड दिउँ

शिक्षा विकाश निर्देशनालय
वीरेन्द्रनगर, सुर्खेत

## जनहितमा जारी सन्देश !

- किसानलाई सम्मान गरौं।
- जैविक विविधतामा आधारित पर्यावरणीय कृषि पेशा अवलम्बन गरौं।
- घटना घटेको ३५ दिनभित्र व्यक्तिगत घटना दर्ता गरौं।
- सार्वजनिक जग्गा र सम्पत्ति संरक्षणमा पालिकालाई सहयोग गरौं।
- आफ्नो घर-आँगनबाट उत्पन्न फोहरलाई व्यवस्थित गरौं।
- विद्यालय जाने सबै उमेरका बालबालिकाहरुलाई अनिवार्य विद्यालय भर्ना गरौं।
- विकास निर्माण कार्यक्रममा जनसहभागिता जुटाऔं।

वनगाड कुपिण्डे नगरपालिका
नगर कार्यपालिकाको कार्यालय,
देवस्थल, सल्यान
कर्णाली प्रदेश नेपाल

डिजिटल युगको विश्वसनीय आवाज
www.kankrebihar.com

सु.जि.प्र.का.द.नं. १३/२०५७/०५८
हु.नि.सु.द.नं. ०१/२०८२/०८३

# फोर-जी सेवा विस्तार गर्न बजेटको माग, डिजिटल पहुँच बढाउन पहल

❒ कांक्रेविहार संवाददाता
डोल्पा, १० वैशाख

हिमाली जिल्ला डोल्पामा सञ्चार पहुँच विस्तार गर्ने उद्देश्यले फोरजी सेवा विस्तारका लागि करोडौं रुपैयाँ बराबरको बजेट माग गरिएको छ।

जिल्लाबाट निर्वाचित सांसद धनबहादुर बुढाको नेतृत्वमा सरोकारवालाहरूले सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, सिंहदरबार पुगेर समग्र जिल्लामा गुणस्तरीय टावर विस्तारका लागि योजना सहित बजेट माग गरेका हुन्।



आर्थिक वर्ष २०८३/०८४ का लागि प्रस्ताव गरिएको योजना अनुसार काइके, छार्कातांङसोङ, डोल्पोबुद्ध, शे-फोक्सुण्डो र जगदुल्ला गाउँपालिकामा फोरजी सेवा विस्तार गर्ने लक्ष्य राखिएको छ। साथै त्रिपुरासुन्दरी क्षेत्रका रंग, बन्तडी, दापु, मुहु, हुम, सुँ, जिउ, शे-फोक्सुण्डोका पुग्मो, छेक्पा, रेची, ठूलीभेरीका लाहरा, तिप्ला, रह, परिला र फुनाल्दो लगायतका गाउँहरूमा टावर निर्माण तथा सञ्चालनका लागि करिब पाँच करोड रुपैयाँको योजना प्रस्ताव गरिएको छ।

यसैगरी डोल्पाका मौरे र रसीमा रहेका मुख्य टावरहरूको क्षमता अभिवृद्धि तथा आवश्यक पूर्वाधार निर्माणका लागि थप ५ करोड रुपैयाँ बजेट माग गरिएको सांसद बुढाले जानकारी दिए।

दूरदराजका बस्तीहरूमा अझै पनि भरपर्दो सञ्चार सेवा नपुगेको अवस्थामा डिजिटल पहुँच विस्तार अत्यावश्यक रहेको भन्दै उक्त योजना तत्काल कार्यान्वयन गर्नुपर्ने माग गरिएको छ। सञ्चार तथा सूचना प्रविधि मन्त्री डा. विक्रम तिमिल्सिनासँगको भेटमा प्रस्तुत गरिएका योजनाहरू आगामी आर्थिक वर्षमा समेट्ने आश्वासन प्राप्त भएको पनि सांसद बुढाले जानकारी दिए।

# अर्गानिक दिवा खाजा प्रभावकारी बनाउन, बराहताल गाउँपालिकाको टोली जुम्लामा

❒ कांक्रेविहार संवाददाता
जुम्ला, १० वैशाख

जुम्लाको तातोपानी गाउँपालिका र सुर्खेतको बराहताल गाउँपालिकाबीच स्थानीय उपजमा आधारित अर्गानिक दिवा खाजा कार्यक्रमसम्बन्धी सिकाइ आदान-प्रदान कार्यक्रम सम्पन्न भएको छ। बराहताल गाउँपालिकाका अध्यक्ष, उपाध्यक्षसहितको टोली तातोपानी पुगेर सफल अभ्यासबारे अध्ययन गरेको हो।



कर्णाली प्रदेशका ७९ स्थानीय तहमध्ये तातोपानी गाउँपालिका स्थानीय उत्पादनमा आधारित अर्गानिक दिवा खाजा कार्यक्रम सञ्चालन गर्ने पहिलो पालिका बनेको छ। पालिकाका २९ वटै सामुदायिक विद्यालयमा बालबालिकाको विद्यालय पहुँच बढाउने र पोषण सुधार गर्ने उद्देश्यले कार्यक्रम लागू गरिएको हो।

हाल तातोपानीमा आधारभूत तहका करिब २ हजार पाँच सय ८५ विद्यार्थी यस कार्यक्रमबाट लाभान्वित भएका छन्।

यसअघि अव्यवस्थित रूपमा सञ्चालन हुँदै आएको दिवा खाजालाई तातोपानीले व्यवस्थित बनाउँदै नमुना भान्साघर निर्माण, भाँडावर्तन उपलब्ध गराउने र कर्मचारीलाई तालिम दिने कामसमेत गरेको छ।

स्थानीय सहकारीमार्फत किसानबाट कृषि उपज संकलन गरी विद्यालयमा आपूर्ति गरिँदै आएको छ, जसले स्थानीय उत्पादनको बजार सुनिश्चित गर्नुका साथै किसानको आम्दानी वृद्धि गर्न सहयोग पुगेको छ।

यस कार्यक्रमले कृषिमा संलग्न हुन स्थानीयलाई थप प्रेरित गरेको छ। अर्गानिक दिवा खाजा कार्यक्रम तातोपानीको पहिचानकै रूपमा स्थापित हुँदै गएको छ।

यही कारण विभिन्न पालिका तथा संस्थाहरू यहाँका सफल अभ्यास अध्ययन गर्न आउने गरेका छन् बराहताल गाउँपालिकाका अध्यक्ष भीमबहादुर भण्डारीले तातोपानीको प्रयास कर्णालीका अन्य पालिकाका लागि अनुकरणीय रहेको बताए।

तातोपानी गाउँपालिका अध्यक्ष नन्दप्रसाद चौलागाईंले शैक्षिक सुधारलाई प्राथमिकता दिँदै अर्गानिक दिवा खाजा कार्यक्रमलाई अझ व्यवस्थित र दिगो बनाउने योजनामा रहेको जानकारी दिए।

# दुईदिने विकास पत्रकारिता तालिम सुरू

❒ कांक्रेविहार संवाददाता
धनगढी, १० वैशाख

सुदूरपश्चिम प्रदेशको अस्थायी राजधानी धनगढीमा विकास पत्रकारिता तालिम बैशाख १० गते देखी सुरु भएको छ।

आन्तरिक मामिला तथा कानुन मन्त्रालयको आर्थिक सहयोगमा नेपाल पत्रकार महासङ्घ सुदूरपश्चिम प्रदेश समितिले उक्त तालिमको आयोजना गरेको हो।

दुई दिनसम्म सञ्चालन हुने तालिमको आन्तरिक मामिला तथा कानुनमन्त्री हीरासिंह सार्कीले औपचारिक रूपमा उद्घाटन गरे। उद्घाटन कार्यक्रममा बोल्दै मन्त्री सार्कीले प्रदेश सरकारले आम सञ्चार विधेयकलाई अघि बढाउने प्रक्रिया सुरु गरिसकेको जानकारी दिए। उनका अनुसार हालै बसेको प्रदेश सभाको बैठकले विधेयकलाई विधायन तथा प्रदेश मामिला समितिमा पठाएको छ। सदन पुनः सञ्चालन भएपछि आवश्यक छलफल गरेर विधेयकलाई अघि बढाइने उनले बताए। मन्त्री सार्कीले विधेयक पारित भएमा भविष्यमा प्रेस रजिस्ट्रारको नियुक्ति पत्रकार समुदायबाटै हुने व्यवस्था रहने जानकारी दिए। साथै उनले आगामी आर्थिक वर्षमा पत्रकारिताको विकासका लागि आवश्यक बजेट विनियोजन गरिने प्रतिबद्धता व्यक्त गर्दै पत्रकारिताको संस्थागत विकास आवश्यक रहेकोमा जोड दिए। तालिममा सुदूरपश्चिम प्रदेशका विभिन्न जिल्लाबाट आएका पत्रकारहरूको सहभागिता रहेको छ। तालिमको सहजीकरण नेपाल पत्रकार महासङ्घका पूर्व अध्यक्ष धर्मेन्द्र झाले गरेका हुन्। उद्घाटन कार्यक्रम महासङ्घ सुदूरपश्चिम प्रदेश अध्यक्ष भरत शाहको अध्यक्षतामा सम्पन्न भएको हो। आयोजकका अनुसार तालिमले विकास पत्रकारिताको क्षमता अभिवृद्धि गर्ने र तथ्यपरक रिपोर्टिङलाई थप प्रभावकारी बनाउन सहयोग पुग्ने अपेक्षा गरिएको छ।

सूचना, समाचार तथा विज्ञापनको लागि ९८५१३४४७५४ मा सम्पर्क गर्नुहोला।

**घर घरमा हुलाक, मन मनमा हुलाक**

छिटोछरितो, सस्तो, भरपर्दो र विश्वसनीय द्रुत हवाई डाँकसेवा (Air Ems) प्रयोग गरी चिठीपत्र, कागजात र सामानहरू स्वदेश तथा विदेशमा आदान-प्रदान गरौं।

**हुलाक निर्देशनालय, सुर्खेत**
सम्पर्कः ०८३-५२०२३४/०८३५२०१७५

# नगर अस्पताल भवन अन्तिम चरणमा

❒ कांक्रेविहार संवाददाता
जाजरकोट, १० वैशाख

भेरी नगरपालिका-७ स्थित स्याउली बजारमा निर्माण भइरहेको नगर अस्पताल भवनको काम अन्तिम चरणमा पुगेको छ।

स्थानीय तहले गाउँवस्तीका सर्वसाधारणलाई नजिकमै स्वास्थ्य सेवा उपलब्ध गराउने उद्देश्यले सुरु गरेको यस परियोजनाले अब मूर्त रूप लिन लागेको हो।



भेरी नगरपालिकाले २०८१ फागुन १७ गते पाँच शय्याको अस्पताल भवन निर्माणका लागि चार करोड ३४ लाख नौ हजार आठ सय रुपियाँको लागतमा वाइ के कन्स्ट्रक्सनसँग सम्झौता गरेको थियो।

उक्त सम्झौताअनुसार २०८२ असार १५ गतेसम्म निर्माण कार्य सम्पन्न गर्ने लक्ष्य राखिएको छ। निर्माण व्यवसायी नरेश आचार्यका अनुसार हालसम्म करिब ९५ प्रतिशत निर्माण कार्य सम्पन्न भइसकेको छ।

बाँकी पाँच प्रतिशत काम पनि असारको पहिलो हप्ताभित्र पूरा गरी भवन नगरपालिकालाई हस्तान्तरण गरिने तयारी रहेको उनले जानकारी दिए।

साना प्राविधिक कामहरू बाँकी रहे पनि ती निर्धारित समयमै सम्पन्न हुने विश्वास गरिएको छ। यस क्षेत्रका सर्वसाधारण बिरामी पर्दा उपचारका लागि नेपालगञ्ज, सुर्खेत वा काठमाडौंसम्म निजी सवारीमार्फत जानुपर्ने बाध्यता थियो।

आर्थिक रूपमा कमजोर समुदायलाई झनै मारमा पार्दै आएको थियो। सोही समस्यालाई समाधान गर्न स्थानीय सरकारले गाउँनजिकै अस्पताल भवन निर्माणको पहल गरेको हो।

भेरी नगरपालिकाका इन्जिनियर मोहन मल्लका अनुसार सरकारी मापदण्ड अनुसार नगरपालिकामा कम्तीमा १५ शय्याको अस्पताल आवश्यक भए पनि सदरमुकाम क्षेत्रमा पहिले नै ५० शय्याको अस्पताल सञ्चालनमा रहेको छ।

त्यसैले जनतासम्म सेवा पहुँच विस्तार गर्ने उद्देश्यले नयाँ स्थानमा यो अस्पताल निर्माण गरिएको हो। स्थानीय बासिन्दा गोरख चन्दले निर्माणाधीन अस्पताल सञ्चालनमा आएपछि गाउँवस्तीका नागरिकले सहज रूपमा उपचार सेवा पाउने विश्वास व्यक्त गरे।

उनले अस्पताल छिट्टै सञ्चालनमा ल्याउन सम्बन्धित निकायसँग आग्रहसमेत गरे गाउँमै अस्पताल भवन निर्माण भएपछि विशेषगरी गरिब, दलित तथा विपन्न समुदायका नागरिकहरू स्वास्थ्य सेवाबाट वञ्चित हुने अवस्था अन्त्य हुने अपेक्षा गरिएको छ।

**स्वास्थ्यमा ध्यान दिऔं।**

- सन्तुलित र पोषणयुक्त खाना खाऔं,
- नियमित योग, ध्यान, व्यायाम र हिँडडुल गरौं,
- शारीरिक क्रियाकलापमा सक्रिय बनौं,
- सरसफाइमा विशेष ध्यान दिऔं,
- बालबालिकालाई समयमै खोप लगाऔं,
- नियमित स्वास्थ्य परीक्षण गरौं,
- धुमपान, मदिरा तथा लागूपदार्थको प्रयोग नगरौं,
- प्रशस्त मात्रामा पानी पिउने गरौं,
- मानसिक स्वास्थ्यको ख्याल राखौं,
- स्वास्थ्यसम्बन्धी जानकारी आधिकारिक स्रोतबाट लिऔं।

*स्वस्थ जीवनशैली अपनाऔं, स्वस्थ बनौं।*

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**

**काठ लिलाम बिक्री सम्बन्धी सूचना**

*प्रथम पटक सूचना प्रकाशित मिति २०८३/०१/११ गते*

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट संकलन भएर उत्पादन भई घाटगद्दी गरी राखिएको साल जातको ए, बि र सि ग्रेडको गोस ७६, ५६ र ६८ गोलियाको ११६५.८४, ४७९.२२, ३२५.६ क्युफिटको आ.व. २०८२/०८३ मा कटान भई घाटगद्दी गरि राखिएको काठ बोलपत्रद्वारा लिलाम बिक्री गर्न प्रथम पटक सूचना प्रकाशित गरिएको छ। ईच्छुक व्यक्ती, संघ/संस्था, फर्म वा कम्पनीले यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काइस) दिनभित्र सिलबन्दी बोलपत्र खरिद गरी २२ औं दिनको १:०० बजे सावउसको कार्यालयमा दाखिला गर्न आव्हान गरिन्छ। यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सा.व.उ.स. को कार्यालयमा सम्पर्क राख्न सकिनेछ।

अध्यक्ष
**पोटेखोला सामुदायिक वन उपभोक्ता समूह**
पञ्चपुरी न.पा.७, सुर्खेत




कांक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, प्रधान कार्यालय : वीरेन्द्रनगर-६, सुर्खेत, फोनः ०८३-५९०१११/९८५१३४४७५४/९८५८०५०५०५, Email : ekankrebihardaily@gmail.com, web : kankrebihar.com
सम्पादक : सुशीलराज शर्मा, कार्यकारी सम्पादक : नविन सुवेदी, मुद्रण : मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)